www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गण्डकी प्रदेश, नेपाल

मिति:२०७६।०४।०९

## भुकम्प पीडितको लागि सहुलियतपूर्ण कर्जा सम्बन्धी सूचना

भुकम्प पीडितको निजी आवास निर्माणका लागि **"सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५"** बमोजिम रु. ३ लाख सम्म कर्जा सबै "क", "ख" र "ग" वर्गका वैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त गर्न सकिने व्यवस्था छ । यस कार्यविधि बमोजिम कर्जा लिन योग्य र ईच्छुक सर्वसाधारणले आवश्यक कागजात तथा प्रक्रिया पुऱ्याई आफुलाई पायक पर्ने वैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिनेछ। यस सम्बन्धी थप जानकारी नजिकको बैंक, गाउँपालिका, वडा कार्यालय तथा Ukaid Sakchyam का शहिद लखन गाउँपालिकाका संयोजक श्री दीपेन्द्र कार्की (सम्पर्क नं. ९८४१०४६६८९) मार्फत् प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

✓ **सहुलियतपूर्ण कर्जा लिन सक्ने योग्य भुकम्प पीडित लाभग्राहीहरुः**

- निजी आवास पुनर्निर्माणका लागि हालसम्म सम्झौता गर्न नसकेका भूकम्प पीडित लाभग्राहीहरु,
- सम्झौता गरी पहिलो किस्ता रकम प्राप्त गरी दोस्रो किस्ता रकम प्राप्त नगरेका लाभग्राहीहरु,

✓ **आवश्यक कागजातहरुः**

- कर्जा निवेदन (निवेदनको ढाँचा बैंकमा उपलब्ध हुनेछ)
- ऋण लिनको लागि फाराम भर्नु पर्ने (फाराम बैंकमा पाईन्छ)
- नेपाली नागरिताको प्रतिलिपि र पासपोर्ट साईज फोटो ३ प्रति
- भूकम्प पिडित भनि राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणले प्रदान गरेको सम्झौता कार्ड (रातो)
- ऋणी वा सगोल परिवारको नाममा कुनै पनि स्थानमा बस्न योग्य घर नभएको व्यहोराको वडा कार्यालयबाट प्रमाणित गरिएको कागजात
- कर्जा सूचना केन्द्रको कालो सूचीमा नपरेको भनी गरिएको स्वघोषणा
- ऋण जमानीदाताको नेपाली नागरिकताको प्रतिलिपि र फोटो २ प्रति
- एकाघर परिवारका सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- भूकम्प पिडितले हालसम्म निजी आवास अनुदानको दोश्रो किस्ताको लागि निवेदन नदिएको ब्योहोरा खुलेको वडा कार्यालयको सिफारिस पत्र
- धितोको लागि घर निर्माण गर्न लागिएको जग्गाको लालपूर्जा, तिरो तिरेको रसीद, चार किल्ला प्रमाणित कागजात, घर बाटो सिफारिस, ब्लू प्रिन्ट, अब वनाउने घरको नक्शा तथा डिजाइन
- आयश्रोतको स्वःघोषणा कागजात ।

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत